# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, भदौ ३ गते २०६६ साल (अतिरिक्ताङ्क १८

## भाग ५

### व्यवस्थापिका-संसद सचिवालयको सूचना

व्यवस्थापिका-संसद, सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ४८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी व्यवस्थापिका-संसद सेवा कर्मचारीहरूलाई देहायका शर्त तथा सुविधाको आधारमा स्वेच्छिक अवकाशको अवसर प्रदान गर्ने निर्णय गरेकोले इच्छुक कर्मचारीहरूले सम्वत् २०६६ साल भाद्र २० गतेभित्र व्यवस्थापिका-संसद सचिवालय, सिंहदरवारमा स्वेच्छिक अवकाशको लागि निवेदन दिन हुन यो सूचना प्रकाशन गरिएको छ। स्वेच्छिक अवकाशको शर्त र सुविधा देहाय बमोजिम रहेको छ।

### शर्त र सुविधा

१) व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ४८ को उपदफा (१) बमोजिम निवेदन दिने अन्तिम मिति संवत् २०६६ साल भाद्र २० गतेसम्म सेवा अवधि बीस वर्ष र उमेर पचास वर्ष पूरा हुने कर्मचारीहरूले यो स्वेच्छिक अवकाशका लागि निवेदन दिन सक्नेछन्। त्यसरी दिइने निवेदनको साथमा सेवा अवधि बीस वर्ष पुगेको र उमेर पचास वर्ष पुगेको प्रमाण संलग्न गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२) स्वेच्छिक अवकाश लिने कर्मचारीले साठी वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्षसम्म सेवा अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।

३) खण्ड (२) मा उल्लिखित सुविधाको अतिरिक्त यस सूचना बमोजिम स्वेच्छिक अवकाश लिने कर्मचारीहरूलाई निजले सात वर्षको नियमानुसार पाउने निवृत्तभरण एकमुष्ट अग्रिम रुपमा प्रदान गरिनेछ ।

४) बहालवाला कर्मचारीको तलब वृद्धि भएमा निवृत्तभरणमा वृद्धि हुने रकम स्वेच्छिक अवकाश लिएका कर्मचारीहरूले नियमित रुपमा लिन पाउने छन् ।

५) स्वेच्छिक अवकाश लिएको कर्मचारीले सात वर्षको एकमुष्ट अग्रिम रुपमा प्राप्त गर्ने निवृत्तभरणको रकमलाई प्रत्येक वर्षको अलग अलग आम्दानी मानी सोही अनुरुप आयकर प्रयोजनको लागि गणना गरिनेछ ।

६) खण्ड (१) बमोजिम स्वेच्छिक अवकाशको लागि प्राप्त निवेदनहरू उपर छानबिन गरी निवेदन स्वीकृत वा अस्वीकृत गर्ने अन्तिम अधिकार व्यवस्थापिका-संसद सचिवालयमा रहनेछ ।

आज्ञाले,
कृष्णप्रसाद पाण्डे
सचिव
व्यवस्थापिका-संसद सचिवालय



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।६३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।